**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. २** : यातायात गुरुयोजना स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ३** : खेल मैदान निर्माण सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : वडाभैरव स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा सम्याउने तथा बाटो निर्माण सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : घर निर्माण सहयोगको लागि सिफारिस गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : लापा नविकरण गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : Helvetas/NASDP कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ८** : जग्गा पास सम्वन्धमा ।

**निर्णय नं. १ :**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस भगवतीमाई गाउँपालिकाका सबै वडाबाट सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम वडा समितिले लक्षित वर्गको पहिचान गरी प्राथमिकीकण गरी बढीमा १५ घरधुरी गाउँपालिका पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

ग्रामीण पहुँच कार्यक्रम तेस्रो चरणको प्राविधिक सहयोगमा तयार भएको यस गाउँपालिकाको यातायात सडक गुरुयोजना (MTMP) को अन्तिम मस्यौदा तयार भई पेश भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

कर्णाली प्रदेश सरकारको "एक स्थानीय तह एक खेल मैदान कार्यक्रम" अन्तर्गत यस भगवतीमाई गाउँपालिका वडा नं. २ खोरेघारीमा निर्माणाधिन खेल मैदान निर्माणको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपाल सरकार विशेष अनुदान कार्यक्रम अन्तर्गत यस भगवतीमाई गाउँपालिका वडा नं. ७ मा वडाभैरव स्वास्थ्य चौकी भवन निर्माण कार्य संचालन गर्नुपर्ने भएको र स्वीकृत लागत अनुमानमा जग्गा सम्याउने आइटम नरहेको तथा भवन निर्माण स्थलमा जाने बाटो समेत बनाउनु पर्ने भएकोले जग्गा सम्याउन र बाटो खन्ने कार्यको लागि समपुरक कोष अन्तर्गत अन्य समपुरक शिर्षकबाट रु. ५०००००। खर्च गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ५:**

यस भगवतीमाई गाउँपालिका वडा नं. ५ मा बसोबास गर्ने निम्न घरमूलीको पहिरोको कारण घर पुर्ण क्षति हुन पुगेको र निजहरुको आर्थिक अवस्था न्यून रहेको हुँदा निजहरुको घर निर्माणको लागि सहयोग गरिदिन जिल्ला प्रशासन कार्यालय, दैलेखलाई सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | घरमूलीको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नरुबहादुर शाही | भगवतीमाई ५, दैलेख | |
| २. | वत्तिसरा शाही | भगवतीमाई ५, दैलेख | |

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यान्वयनमा रहेको आशा परियोजनाको वडा नं. १, २, ५, ६ र ७ को लापा नविकरण गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस गाउँपालिकामा कार्यान्वियन हुने NASDP कार्यक्रम अन्तर्गतका कार्यक्रम तथा क्रियाकलापहरु स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस गाउपालिका अन्तर्गत औधोगिक ग्राम स्थापनाको लागि आवश्यक जग्गा यस भगवतीमाई गाउँपालिका वडा नं. ६ निवासी ललिता खड्काले आफ्नो नाममा दर्ता कायम रहेको भगवतीमाई गाउँपालिका वडा नं. ६ कट्टीमा रहेको कित्ता नं. ६९३ को क्षेत्रफल ६७८० वर्ग मिटर पुरै जग्गा यस गाउँ कार्यपालिकाको कार्यालयको नाममा पास गर्न मञ्जुर भएको हुँदा उक्त जग्गा पास गर्दा लाग्ने राजश्व छुट गरिदिन मालपोत कार्यालय दैलेखलाई सिफारिस गर्ने र जग्गा पास गर्नको लागि ६ नं. वडा कार्यालयका वडा सचिव श्री मानबहादुर थापालाई प्रतिनिधि तोकि पठाउने निर्णय गरियो ।



Scanned with CamScanner